# माथिल्लो पिलुवाखोला १ जलविद्युत आयोजना (७.७ मे.वा.) को परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण (IEE Supplementary/Revised) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०१/३१)

कोशी प्रदेश संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं. २ र ३ मा श्री देवी हाईड्रोपावर प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | देवी हाईड्रोपावर प्रा.लि.<br>लैनचौर, काठमाडौं, नेपाल<br>फोन :०१-४५४०६५<br>ईमेलः *menchhiyam@gmail.com* |
| प्रस्तावको व्यहोरा | मेन्छियाम हाईड्रोपावर लि. ले कोशी प्रदेश संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं. २ र ३ मा माथिल्लो पिलुवाखोलाको पानी प्रयोग गरी ७.७ मे.वा. क्षमताको माथिल्लो पिलुवाखोला १ जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन मिति २०७७ साल असोज महिना २५ गते श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय बाट स्वीकृत भएको थियो। जसमा open canal, surge pipe, penstock pipe हुँदै powerhouse सम्म लगिएको थियो। तर हाल परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा Headrace pipe बाट पिलुवा खोलाको दाहिने किनारबाट पानी हेडपोन्ड, headrace pipe, सर्ज पाइप र त्यसपछि पेनस्टक पाइप र पावरहाउससम्म पुर्याउने भएको हुँदा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण परिमार्जन गरि यस परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने प्रस्ताव गरेको छ। त्यसैगरी मेन्छियाम हाईड्रोपावर लि. को नाममा रहेको माथिल्लो पिलुवाखोला १ जलविद्युत आयोजनाको अनुमतिपत्र २०८१ साल बैसाख २५ गतेको विद्युत विकास विभागबाट देवी हाईड्रोपावर प्रा.लि. को नाममा हस्तान्तरण गरीएको छ।<br><br>आयोजना क्षेत्र सिद्धकाली गाउँको पिलुवा खोलाको दाहिने किनारमा अवस्थित छ। यस परियोजनालाई छुट्टै हेडवर्क आवस्यक छैन। यसले माथिल्लो पिलुवा खोला-२ को टेलरेसबाट डिस्चार्ज जोड्ने नहरबाट लिन्छ र हेडपोन्डमा पुर्याउँछ। आयोजनाको सामान्य व्यवस्थाले हेडपोन्डमा पानी पुर्याउने माथिल्लो पिलुवा-२ आयोजनाको टेलरेसबाट नहर जोड्ने समावेश गरिएको छ। त्यसपछि जलमार्गमा आन्तरिक व्यास १.७ देखि १.३ मिटरको हेडरेस पाइप हुन्छ जसले हेडपोन्डबाट सर्ज ट्याङ्कीमा पानी पुर्याउँछ। त्यसपछि लगभग २९५ मिटर लामो पेनस्टक १.३ मिटर व्यासले सर्ज ट्याङ्कीलाई पावर हाउससँग जोड्छ जसमा प्रत्येक ३.८५ मेगावाट क्षमताको दुई जेनेरेशन युनिटहरु छन्। अन्तमा छेउछाउको टेलरेसले पानीलाई प्राकृतिक नदीको मार्गमा फिर्ता गर्छ । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./वडाः | कोशी प्रदेश संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं.२ र ३ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका तथा वडा र सो वडाका सम्पूर्ण विद्यालय, स्वास्थ्य चौकी, स्थानीय महानुभावहरु साथै अन्य सबै सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

<u>राय सुझावको लागि पत्रचार गर्ने ठेगानाः</u>

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | देवी हाईड्रोपावर प्रा.लि.<br>लैनचौर, काठमाडौं, नेपाल<br>फोन :०१-४५४०६५<br>ईमेलः *menchhiyam@gmail.com* |
| परामर्शदाताको पुरा नाम र ठेगाना | युनिट्स इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली.<br>बलभद्र मार्ग, काठमान्डौं<br>फोनः ०१-५०११११००<br>ईमेलः unitsengineering@gmail.com |